# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं. २०७८।०७९

च.नं. ११४२

मिति : २०७९।०२।१८

विषय : **जिन्सी सामानहरुको विवरण सम्बन्धमा ।**

**श्री वडा सचिवहरु**
**वडा कार्यालय १- १३, सबै**
**सबैला नगरपालिका, धनुषा ।**

O/C

उपरोक्त सम्बन्धमा यस नगरपालिका कार्यालयको च.नं. ९९६ मिति २०७९।०१।०४ को सूचना अवगत नै होला । सो सूचना पुन: यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । यदि निवर्तमान जनप्रतिनिधिहरुसँग कुनै पनि नगदी, जिन्सी सरकारी कागजात, वडा समितिका बैठक रजिष्टर लगायत अन्य रजिटर बुझाउन बाँकी भएमा तुरुन्त वडा सचिवले आफ्नो जिम्मा लिई बरबुझारथ गराउनु हुन सूचित गरिन्छ । साथै आफ्नो जिम्मामा रहेको वडा कार्यालयमा रहेको खप्ने जिन्सी सामानको विवरण दुरुस्त राखी खर्च भएर नजाने जिन्सी रजिष्टर, सहायक जिन्सी रजिटर सक्कलै नगरपालिकामा मिति २०७९।२।३० गते भित्र ल्याएर आउनु हुनका साथै सबैला नगरपालिकाको जिन्सी शाखाबाट प्रमाणित गराउनु हुन अनुरोध गरिन्छ । साथै वडा कार्यालयबाट संकलन भएको आन्तरिक राजश्व सबैला नगरपालिकाको राजश्व खाता नं. ग-१-१०३१२०५००३९४५९००१ मा जम्मा गरी सोको सक्कलै भौचर वडा कार्यालयको सिफारिस सहित राजश्व शाखामा बुझाउनु हुन अन्यथा प्रचलित कानून वमोजिम भइजाने व्यहोरा सूचित गरिन्छ ।

............................
सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री विरेन्द्र लाल कर्ण, जिन्सी शाखा

सबैला नगरपालिका, धनुषा : जनप्रतिनिधिज्यूहरुले बुझाउनु भएको मालसामानको विवरण दुरुस्त राख्नु हुनका साथै जिन्सी रजिष्टर खडा नभएको भए सो समेत खडा गरी प्रमाणित गर्नुहुन जानकारी गराईन्छ ।

श्री राजश्व शाखा : आन्तरिक राजश्व, नगदी बैंक दाखिला गराई राजश्व विवरण दुरुस्त राख्नु हुन ।

श्री आर्थिक प्रशासन शाखा, सबैला नगरपालिका, धनुषा : बेरुजु फछ्र्यौट गर्नुगराउनु हुन ।

श्री सूचना प्रविधि शाखा, सबैला नगरपालिका, धनुषा : वेवसाईटमा अपलोड गर्नुहुन ।

Scanned By Camera Scanner